# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/१/२२

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर छुट्टाछुटै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. नेपालको संविधानको धारा २१ ले अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने र सामाजिक पुनर्स्थापना तथा क्षतिपूर्ति सहितको न्याय पाउने हकलाई स्थापित गरेको छ । यसैगरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले पीडित राहत कोषको स्थापना गरी फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ समेत जारी भएको छ । संविधानद्वारा प्रदत्त मौलिक हक कार्यान्वयनको लागि अपराध पीडित संरक्षण ऐन, २०७५ ले पीडितलाई क्षतिपूर्ति भराउन के-कस्तो व्यवस्था गरेको छ ? कसूरदारको कुनै सम्पत्ति नभई क्षतिपूर्ति भराउन नसकिने भएमा वा कसूर कायम भएको तर कसूर ठहर नभएको अवस्थामा अपराध पीडितले के-कसरी क्षतिपूर्ति पाउन सक्छ ? अपराध पीडितले समयमै क्षतिपूर्ति पाउन नसकेको भन्ने गुनासोलाई सम्बोधन गर्न के-कस्ता सुधारको उपायहरू अवलम्बन गर्नुपर्ने ठान्नुहुन्छ ? प्रस्तुत गर्नुहोस्। ४+४+७=१५

२. न्यायिक सुनुवाईका क्रममा सरकारका तर्फबाट सरकारी वकीलको प्रतिनिधित्व प्रभावकारी बनाउने सम्बन्धमा संविधान एवम् कानूनहरू जिवन्त अवस्थामा रहेका छन् । सरकारी वकिलको व्यवसायिक क्षमता अभिवृद्धि लगायत स्रोत साधनमा समेत बढोत्तरी भएकै छ । तर सरकारवादी फौजदारी मुद्दाहरूको फैसला कार्यान्वयन प्रभावकारीरूपमा हुन सकेको छैन। जबसम्म फैसला कार्यान्वयन प्रभावकारीरूपमा हुन सक्दैन तबसम्म पीडितले न्यायको अनुभूति गर्न सक्दैनन्। जबसम्म फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका निश्चित र जिम्मेवारी तोकिएको कानून रहदैंन तबसम्म फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुन सक्दैन। फैसला कार्यान्वयन हुनु भनेको विधिको शासन र सुशासनको पूरापूर कार्यान्वयन हुनु हो। यस्तो अवस्थामा सरकारवादी फौजदारी मुद्दाहरूको फैसला कार्यान्वयन गर्न के-कस्तो कानूनी एवम् संस्थागत सुधार गर्नुपर्ने ठान्नुहुन्छ ? सो सम्बन्धी स्पष्ट कानूनी व्यवस्था निर्माण नहुँदासम्म फैसला कार्यान्वयनमा सरकारी वकीलले के-कस्तो भूमिका निर्वाह गर्नुपर्ला ? व्यवहारिक सुझाब प्रस्तुत गर्नुहोस्। २०

३. नेपाल सरकार वादी हुने फौजदारी कसूरसम्बन्धी मुद्दामा अभियोजन गर्ने, बहस पैरवी र प्रतिरक्षा गर्ने, सरकारको हक हित निहित रहेका मुद्दामामिलामा अदालतमा नेपाल सरकारको प्रतिनिधित्व गर्ने तथा नेपाल सरकारको निकाय वा पदाधिकारीलाई कानूनी एवम् संवैधानिक विषयमा कानूनी राय उपलब्ध गराउने जिम्मेवारी सरकारी वकीलमा निहित रहेको छ। यो जिम्मेवारी र कार्य विशुद्ध व्यवसायिक प्रकृतिको रहेको मानिन्छ। व्यवसायिक प्रकृतिको कार्य सम्पादन गर्नुपर्ने हुँदा सरकारी वकीललाई व्यवसायिक स्वतन्त्रता र उन्मुक्ति प्रदान गर्न आवश्यक हुन्छ भने जवाफदेहिता र निष्पक्षता पनि उत्तिकै सान्दर्भिक रहन्छ। यसका लागि सरकारी वकीलको व्यवसायिक आचरसंहिता, २०७५ जारी भै लागू भएको छ भने जवाफदेहिताका लागि बदनियतपूर्वक कार्य गरेकोमा उत्तरदायी बनाउने कानूनी प्रबन्धसमेत गरिएको छ । अन्तर्राष्ट्रियस्तरमा अभियोजनकर्ताको व्यवसायिक स्वतन्त्रतासम्बन्धी आचारसंहितासमेत निर्माण भएको छ।

सरकारी वकीलको व्यवसायिक स्वतन्त्रता र उन्मुक्ति सम्बन्धमा भएको विद्यमान कानूनी प्रबन्ध र आचारसंहिताको कार्यान्वयनको बारेमा समीक्षा गर्दै न्यायिक दृष्टिकोण तथा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत मान्यतासमेतका आधारमा गरिनुपर्ने सुधारका सम्बन्धमा ठोस् सुझाब प्रस्तुत गर्नुहोस्। २०

४. सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्थाका साथै, मुलुकमा कानूनी व्यवस्था कायम गर्नका लागि संगठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायतका सोसँग सम्बन्धित अन्य विषयमा कानूनी व्यवस्था गर्ने उद्देश्यले मिति २०७०।१२।१२ देखि संगठित अपराध निवारण ऐन, २०७० कार्यान्वयनमा रहेको छ । बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० (United Nations Convention Against Transnational Organized Crime, 2000) लाई नेपालले मिति

पश्चात् मिति २०६९।११।४ मा जारी भएको संगठित अपराध निवारण अध्यादेश, २०६९ लाई आधार मान्दा यो ऐन कार्यान्वियनमा आएको तेह्र वर्ष भईसकेको छ । यो ऐनले संगठित अपराधको परिभाषा उक्त महासन्धिसँग तादम्यता हुने गरी नै गर्दै संगठित अपराधको प्रयोजनार्थ आपराधिक समूह र गम्भीर अपराधको पनि परिभाषा गरेको छ । यो ऐन बमोजिम संगठित अपराधसमेतको दावी लिई दायर भएका केही मुद्दामा संगठित अपराध र सामूहिक अपराधबीचको भिन्नताबारे व्याख्या गर्दै सर्वोच्च अदालतबाट नजिरसमेत प्रतिपादन भएका छन् । तथापि सामूहिक अपराधको अनुसन्धान तथा अभियोजनको कारवाहीमा पनि यो ऐनको प्रयोग गरी अपराध अनुसन्धानकर्ता र अभियोजनकर्ताले यस ऐनको सही प्रयोग नगरेको भन्ने आरोप पनि लाग्ने गरेको छ । संगठित अपराधको समेत दाबी लिई अभियोजन भएका अधिकांश मुद्दामा अदालतबाट सो दावी ठहर हुने गरेको देखिँदैन ।

यस पृष्ठभूमिमा संगठित अपराध (Organized Crime) का तत्व तथा संगठित अपराध र सामूहिक अपराधबीचका भिन्नता (Difference between organized crime and group crime) को विवेचना गर्दै, संगठित अपराधको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउनका लागि विद्यमान समस्या पहिचान गरी ती समस्या निराकरणार्थ अवलम्बन गर्नुपर्ने उपायहरू प्रस्तुत गर्नुहोस् ।    ५+५+५+५=२०

५. नेपालको संविधानले महान्यायाधिवक्ता र निजबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने सरकारी वकीललाई नेपाल सरकार वादी हुने मुद्दाको प्रमुख अभियोजनकर्ताका साथै नेपाल सरकार पक्ष/विपक्ष वा नेपाल सरकारको हक हित सरोकार निहित रहेका मुद्दामा प्रतिरक्षी वकीलको रूपमा जिम्मेवारी सुम्पिएको छ । सरकारी वकीललाई कार्य सम्पादनको क्रममा व्यवसायिक उन्मुक्ति प्राप्त हुने कानूनी व्यवस्था (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, सरकारी वकील सम्बन्धी नियमावली, २०७७ लगायत) र सरकारी वकीलको व्यवसायिकता सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा (बद्री बहादुर कार्की, नरेन्द्र बहादुर चन्द, टेक बहादुर घिमिरे लगायत) सिद्धान्त प्रतिपादन भएका छन् । नेपाल सरकारले सरकारवादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका, २०८० जारी गरी लागू गरेको छ । महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलको मुख्य कार्यमा केन्द्रित रही महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना, अभियोजन नीति तथा मार्गदर्शन, २०७७, नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी, प्रतिरक्षा तथा कानूनी रायसम्बन्धी निर्देशिका, २०७५ समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ ।

उल्लेखित प्रयास हुँदा-हुँदै पनि सरकारवादी मुद्दामा अपेक्षित सफलता हासिल नभएको, रिट/संवैधानिक मुद्दाहरूमा सरकारी प्रतिरक्षा कमजोर देखिएको र सरकारी मुद्दा धेरै असफल हुन्छन् भन्ने आमधारणा कायमै रहेको देखिन्छ ।

उल्लेखित परिदृश्यमा निम्न बुँदामा केन्द्रित रही तर्कयुक्त र विश्लेषणात्मक प्रस्तुति दिनुहोस् ।    ५+८+१२=२५

(क) सरकारी मुद्दाहरू (नेपाल सरकारवादी र नेपाल सरकारलाई विपक्षी बनाई परेका) को असफलता वा सरकारी वकीलको कार्यसम्पादनमा सुधार हुन नसक्नुको कारणसँग सरकारी वकीलको व्यवसायिकताको सम्बन्ध छ/छैन?

(ख) अभियोजनकर्ताको व्यावसायिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मान्यता (UN Guidelines on Prosecutorial Independence आदि) लाई नेपालमा कुन हदसम्म अवलम्बन गरिएको छ?

(ग) नेपालमा व्यवसायिक र सक्षम सरकारी वकील प्रणाली विकास गर्न आवश्यक तत्कालिन र दीर्घकालिन समाधानका उपायहरू के-के हुन सक्छन्?

«« समाप्त »»